मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ३० गते सोमबार ❑ 13 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## २१ औं फेवा नव वर्ष महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

सांस्कृतिक झाँकी र बाजागाजासहित २१ औं संस्करणको फेवा नव बर्ष महोत्सव २०८३ आइतबारबाट पोखरामा सुरु भएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले स्थानीय अम्बोटमा आयोजित समारोहमा महोत्सवको उद्घाटन गरिन् ।

यसअघि लेकसाइड स्थित खहरेबाट सुरु भएको विभिन्न जातजातिको झाँकी र पंचै बाजा सहितको लामो र्‍याली अम्बोट पुगेको थियो । सहिदचोक र खहरे विचको सडकमा तीन दिन सम्म चल्ने महोत्सव आगामी बैशाख १ गते राति सकिने छ । महोत्सव उद्घाटनका अवसरमा सातै प्रदेशका सांस्कृतिक नाचहरु प्रस्तुत गरिएको थियो । तरेली सांस्कृतिक परिवारले स्वागत नृत्य प्रस्तुत गरेको थियो । महोत्सवमा साँझ सांस्कृति प्रस्तुती र पंचैबाजाको रमाइलो रहने छ । पप कन्सर्टका कार्यक्रम पनि समेटिने छन् । सोमबार भने खहरेबाट दुलही लिन अम्बोट पुग्ने गरी पंचैबाजाको रमाइलो प्रतियोगिता राखिएको छ । यसमा १५ पंचैबाजा समूहले भाग लिएको महोत्सव आयोजक होटल संघ पोखरा नेपालका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए । लेकसाइडका सेन्टर प्वाइन्ट, गौरीघाट र अम्बोटका हरेक चौतारामा सांस्कृतिक कार्यक्रम र पंचै बाजा प्रतियोगिताका क्रममा खहरेमा रत्यौलीको कार्यक्रम पनि समावेश हुने उनले जानकारी दिए । पर्यटक दौड प्रतियोगिता पनि महोत्सवमा समावेश हुने छ । महोत्सवको उद्घाटन गर्दै प्रजिअ शर्माले फेवा महोत्सव निरन्तर र स्थायी रुपमा संचालन हुँदै आउनु नै यसको सफलता भएको बताइन् । पोखरा ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय हिसावले महोत्वपूर्ण शहर रहेको भन्दै उनले पर्यटनको राजधानीको उपमा समेत पाउनु पोखराका लागि सकारात्मक पक्ष भएको भनाई राखिन् ।



महोत्सवमा प्रस्तुत कलात्मक झाँकी र प्रस्तुतीले जनताविचको एकता झल्किएको उनले सुनाइन् । पोखरालाई सुरक्षित र सुन्दर सहरको रुपमा निरन्तर अगाडि बढाउनुपर्नेमा उनको जोड थियो । होटल संघ नेपालका वरिष्ठ उपाध्यक्ष प्रवीण बहादुर पाण्डेले पोखराले आन्तरिक र क्षेत्रीय पर्यटन प्रवर्द्धनमा बढी जोड दिन सुझाव राखे । पोखराका लागि आन्तरिक पर्यटक तथा भारतीय र चिनिया पर्यटकले ठूलो योगदान दिन सक्ने उनले बताए । कार्यक्रमको संचालन संघकी सचिव पार्वता पाण्डेले गरेकी थिइन् । पर्यटन, संस्कृति र खानालाई जोड दिएर सडकमा नै भएको महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था रहेको छ । महोत्सवका अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दरेटमा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरिसकेका छन् । इ-सेवाबाट होटल बुक गर्दा १० प्रतिशत सम्म क्यासब्याक हुने अफर पनि इ-सेवाले अगाडि सारेको छ ।

फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि, सहप्रायोजकमा म्याक्स टाइगर र एक्ट्रिम इनर्जी ड्रिंक तथा प्रायोजकहरुमा अन्नपूर्ण केवलकार लि, इ-सेवा, युनाइटेड वाइनरी प्रालि रहेका छन् । इन्योरेन्स पार्टनरमा सलिको इन्स्योरेन्स रहेको छ । महोत्सवका प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, पोखरा महानगरपालिका र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश रहेका छन् ।

## आलु महोत्सवमा ५० लाख बढीको कारोवार

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

राष्ट्रिय हेमजा आलु महोत्सवको तेस्रो दिन आइतबारसम्मका रु.५० लाख बढीको कारोवार भएको छ ।

महोत्सव मध्येतिर आउदाँ त्यहाँ दर्शक सहभागिता पनि बढ्दै गएको छ । शनिबार र आइतबार सार्वजनिक विदा परेको र मौसमले समेत साथ दिदाँ महोत्सवमा जनसहभागिता बढेको हो । दर्शक सहभागिता बढेसँगै त्यहाँ आलु लगायत अन्य उपभोग्य बस्तु किनबेच हुने क्रम पनि बढ्दै गएको छ ।

त्यहाँ आलुको परिकारको एउटा स्टल, ३० वटा कृषि स्टल तथा अन्य सय बढी व्यापारीक स्टल छन् ।प्रतिकेजी रु.३५ मा आलुको कारोवार भएको छ ।

आइतबारसम्म रु. ८ लाख बढीको आलु बिक्री भएको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले बताए । उनले हालसम्म सबैभन्दा बढी ६० केजी र कम्तीमा १ केजीसम्म ग्राहकले आलु खरिद गरी लगेको पनि सुनाए । सामान्यतथा २० देखि ३० केजी किन्नेसम्म ग्राहक धेरै छन् ।कास्कीका छिमेकी पालिका लगायत पर्वत, बाग्लुङ, तनहुँ, स्याङजाबाट समेत आलु खरिदका लागि मानिसहरु



आउने गरेको उनको भनाई छ । हेमजाको आलु मिठो छ, चाँडो पनि पाक्छ, बजारियाँको तुलनामा स्वास्थ्यकर पनि भएकाले आफूहरु आलु खरिदकै लागि आएको आइतबार दिउँसो महोत्सव स्थलमा भेटिएकी तनहुँ भिमादकी सुनिता श्रेष्ठले बताइन् । महोत्सवमा आइतबार कलाकारहरु बद्री पंगेनी, ममता तामाङ, शान्ता वर्देवा, रोशन विसी, नेत्र खड्का, परशुराम अधिकारी, मुना अर्याल, आयुषा खत्री, झलकमान् सारङ्गी पाठशाला लगायतले प्रस्तुति राखे।त्यस्तै सोमबार एन्जिला रेग्मी, रामजी पौडेल, सरस्वती लामिछाने, कमला गैह्रे, किसन नेपाली, भूमिका पंगेनी, राजेन्द्र गुन्द्रुके, मनोज गोर्खाली लगायतका प्रस्तुति रहने उल्लेख छ। त्यस्तै पप कन्सर्टतर्फ देउराली, लेकाली लगायतका व्याण्डका प्रस्तुतिहरु रहनेछन् । महोत्सवमा आइतबारबाट रत्यौली गीत प्रतियोगिता पनि सुरु भएको छ । महोत्सव अन्तर्गत त्यहाँ आलु तथा तरकारीको प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, वोट विरुवा, परीक्षण तथा रोगको निधान, कृषक र कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम भइरहेका छन् । त्यस्तै कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारका दैनिक प्रस्तुति लगायत विभिन्न कृषि उपज विउ विजन तथा कृषि यन्त्रको प्रदर्शनी लगायतका गतिविधि पनि संचालित छन् ।

आइतबारसम्ममा २५ हजार बढी दर्शकले महोत्सव अवलोकन गरेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठ जानकारी पनि दिए ।

## कास्कीमा काँग्रेसको जरा अभियान प्रारम्भ

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

उत्साह र विश्वासको नवीन अभियान भन्ने मूल सन्देश सहित नेपाली काँग्रेसले देशव्यापी गर्न लागेको जरा अभियान कास्कीमा आइतबारदेखि प्रारम्भ गरिएको छ ।

नेपाली काँग्रेस कास्कीले केन्द्रीय प्रतिनिधिहरुको उपस्थितिमा बैठक गरी आवश्यक तयारी सहित अभियान प्रारम्भ गरिएको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवत्ता नवीन सिग्देलले जानकारी दिनुभयो । कास्कीमा केन्द्रीय प्रतिनिधिका रुपमा पार्टीका केन्द्रीय सदस्य रेशम बाँनिया र महासमिति सदस्य विष्णु पौडेल आउनुभएको छ। अभियान कास्कीका ७२ इकाइसम्म पुग्ने छ। अभियानका क्रममा पार्टीको त्रियाशील सदस्यता अद्यावधिक सँगै वितरण, जनसम्पर्क र जेन्जी युवाहरुसँगको संवाद अघि बढाइने छ। पार्टी सदृढिकरणका लागि अभियान महत्वपूर्ण हुने प्रवत्ता नवीन सिग्देलको भनाइ छ । अभियान शुभारम्भ गर्दै पार्टीका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रतिनिधि रेशम बहादुर बाँनियाले अभियानसँगै पार्टीले नयाँ गति लिने र महाधिवेशनको वातावरण निर्माण हुने उल्लेख गर्नुभयो । नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा बसेको बैठकमा केन्द्रीय प्रतिनिधि महासमिति सदस्य विष्णु पौडेलले अभियानको सान्दर्भिकता बारे बोल्नुभएको थियो ।



## विमानस्थलका विद्युत् पोल नहट्दा सडक निर्माण प्रभावित

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा लगिएको ११ केभी डेडिकेटेड विद्युत् लाइनका पोल नहट्दा पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत पोखरा खण्डको निर्माण प्रभावित भएको छ । कुँडहरमा रहेको विद्यत् सबस्टेशनबाट विमानस्थलको प्रवेशमार्गसम्मका २९ वटा पोल नहट्दा सडकको सर्विस लेन र फुटफाथ निर्माण हुन नसकेको हो ।

सडक आयोजनाका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले विद्युत्का पोल हटाउन पटकपटक विमानस्थल कार्यालय र नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरिए पनि कुनै सुनुवाइ नभएको बताउनुभयो । विमानस्थलले कुँडहरचोकबाट आफ्नै संरचना बनाएर डेडिकेटेड लाइनमार्फत लगेको विद्युत् उपयोग गर्दै आएको छ । उक्त स्थानमा विद्युतीय तार भूमिगत गर्न संरचना बनाएबापतको भुक्तानी विमानस्थल कार्यालयबाट नहुँदासम्म विद्युत् पोल हटाउन नसकिने जानकारी प्राधिकरणले दिएको इन्जिनियर कुँवरले बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीले विमानस्थल क्षेत्रमा तार भूमिगत गर्न संरचना तयार भइसकेपनि विमानस्थलले भुक्तानी नदिएसम्म सेवा सञ्चालन गर्न नसकिने उल्लेख गर्नुभयो । विमानस्थलले रु एक करोड ६३ लाख प्राधिरणलाई तिनुपर्ने उहाँको भनाइ छ । "विमानस्थलको डेडिकेटेड लाइनलाई भूमिगत संरचनामा लैजाँदाको खर्च प्राधिकरणलाई भुक्तानी भएपछि मात्र भूमिगत सेवा सुरु हुन्छ", उहाँले भन्नुभयो, "भूमिगत प्रणाली सञ्चालनमा आएपछि विद्युत् पोल हट्छन्, सडक आयोजनाले आफैँ पनि हटाउन सक्छ ।" भूमिगत लाइन सुरु नभएका कारण विमानस्थलमा अहिले पुरानै संरचनाको विद्यत् सेवा सञ्चालनमा छ । प्राधिकरणका इन्जिनियर सुवेदीले विमानस्थल व्यवस्थापनबाट रकम जम्मा गरिदिने आश्वासनमात्र आउने गरेको बताउनुभयो । "यस विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलसँग शनिबार पोखरामा छलफल भएको छ, मन्त्रालय तहबाट यसको समाधान हुनेमा हामी आशावादी छौँ", उहाँले भन्नुभयो । निर्माणको भुक्तानी नआएसम्म भूमिगत विद्युतीय लाइन सञ्चालनमा ल्याउँदा पछि कानुनी समस्या पर्न सक्ने भन्दै प्राधिरणले पहिले विमानस्थलले रकम तिनुपर्ने अडान राख्दै आएको छ । कुँडहरचोकबाट विमानस्थल प्रवेशमार्गसम्मको झन्डै एक किमी दूरीमा तार भूमिगत गर्नका लागि प्राधिकरणले संरचना निर्माण गरिसकेको छ । सडक आयोजनाका इन्जिनियर कुँवरले विद्युत् पोलसँगै मापदण्डविपरीतका संरचना शीघ्र हटाउन, खानेपानी पाइप, कटान गरिएका रुखलगायतलाई स्थानान्तरण गर्न सम्बन्धित निकायमा ताकेका गरिएको बताउनुभयो । सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)को निर्माण


बाँकी अन्तिम पृष्ठमा ▶▶





# रात्रिकालीन सडक दौडमा खुलातर्फ दार्चुलाका मुकेश थापा प्रथम, विदेशीतर्फ फ्रान्सका स्याम्यूल विजेता

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

पर्यटनको राजधानी पोखरामा पहिलोपल्ट आयोजना भएको पोखरा रात्रिकालीन सडक दौड (पोखरा नाइट स्ट्रिट रेस) २०८३ मा नेपालसहित पाँच देशका १ सय ४५ धावक सहभागी भएका छन् ।

फेवाताल किनार बाराहीघाटदेखि पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुलसम्मको ५ किलोमिटरको उक्त दौडमा नेपालसहित, नर्वे, फ्रान्स, थाइल्याण्ड र इङ्ल्याण्डका धावक सहभागी थिए ।

'जाग्छ पोखरा, दौडाउँछ पोखरा' उद्घोषका साथ शनिबार राति ७:२९ बजे बाराहीघाटदेखि सुरु भएको दौडमा खुलातर्फ दार्चुला २९ बर्षीय मुकेश थापा प्रथम हुन सफल भए । उनले निर्धारित दूरी १७:३१:६७ मिनेटमा पूरा गरे । यसैगरी, सुवास गुरुङले १७:५४:२५ मिनेटमा पूरा गर्दै दोस्रो हुँदा अकलबहादुर पाल तेस्रो भए । उनले उक्त दूरी पूरा गर्न १८:०२:०३ मिनेटमा पारे ।

पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजनामा भएको खेलकुद र पर्यटन प्रवर्द्धनका लागि आयोजित नेपालकै पहिलो दौडमा महिलातर्फ २३:०३:५४ मिनेटमा पूरा गर्दै पुष्पा शर्मा लिम्बु प्रथम हुन सफल भइन् । यू-१६ तर्फ राम ढुंगाना र विदेशी तर्फ फ्रान्सका स्याम्यूल प्रथम भए । रामले २४:३९:६० मिनेट तथा स्याम्यूलले २२:०८:०७ मिनेटमा दौड पूरा गरेको प्रतियोगिताका रेस डाइरेक्टर ओम गुरुङले जानकारी दिए ।

खुलातर्फ विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो हुनेले पाँचहजार रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी अन्य विधाका विजेतालाई जनही ७/७ हजार रुपैयाँसहित प्रोत्साहन पुरस्कार प्रदान गरियो । प्रतियोगितामा उत्कृष्ट २० धावकले फिस्टेल ड्रिम पार्ककातर्फबाट एकहजार बराबरको कुपन र बन्जीकातर्फबाट फ्रान्सकी खेलाडी वेनिडिडले बन्जीकुपन समेत हात पार्न सफल भइन् । बाराहीघाटदेखि शुरु भएको लेकसाइडको सेन्टर प्वाइन्ट, हल्लनचोक, जिरो किलोमिटर, सृजनाचोक, सभागृहचोक, न्युरोड, चिप्लेढुंगा हुँदै महेन्द्रपुलस्थित अन्तर्राष्ट्रिय झण्डापार्क (फल्चा) मा पुगेर समापन भएको हो ।



विजयी खेलाडीलाई पोखरा वडा ९ वडाध्यक्ष दीपेन्द्र मर्सानी, पोखरा ३ का वडाध्यक्ष प्रकाश उदास, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव शोभा गौतम, रेवान पोखराका प्रथम उपाध्यक्ष वसन्त गौतम, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार, पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरिया, महानगर व्यवसायीक प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी, सहारा क्लबका अध्यक्ष केशवबहादुर थापा, फिष्टेल ड्रिम पार्कका जनरल म्यानेजर अंकितकुमार सिंह, गो बन्जी नेपालका राकेश गुरुङ, नेपाली लेखक संघ कास्कीका अध्यक्ष कमल पौडेल अथक, पुतलीबजार प्रज्ञा-प्रतिष्ठानका उपकुलपति दुर्गाबहादुर शाह बाबा, नेलम्बो नेपालका कार्यक्रम अधिकृत भीम भण्डारी, एथ्लेटिक्स संघ गण्डकीका महासचिव मनबहादुर थापालगायतले पुरस्कार वितरण गरे । प्रतियोगिता संयोजक दीननाथ बरालले खेल प्रवर्द्धनसहित पर्यटकीय राजधानी पोखरा सुरक्षित छ भन्ने सन्देश दिन प्रतियोगिता आयोजना गरिएको जनाए । समापन समारोहमा बोल्दै पोखरा महानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले कार्यक्रमलाई आगामी वर्षमा अझ भव्य रूपमा आयोजना गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने बताए ।

पर्यटनविज्ञ दीपेन्द्र पहारीले पर्यटकीय राजधानी पोखरामा यस प्रकृतिका इभेन्टले पोखरा पर्यटन प्रवर्द्धनका लागि २४ सै घण्टा सुरक्षित र सञ्चालित छ भन्न सार्थक रहने धारणा राखे ।

अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, राष्ट्रिय ओलम्पिक एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङ, पोखरा भ्रमण वर्ष २०२५/०२६ का संयोजक गोपीबहादुर भट्टराई लगायतले रेस डाइरेक्टर ओम गुरुङलाई राष्ट्रिय झण्डा हस्तान्तरण गरी प्रतियोगिता शुभारम्भ भएको थियो । उद्घाटन सत्रमा पोखरा ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराई, पोखरा ७ का वडाध्यक्ष राममोहन आचार्य, पोखरा ८ का अध्यक्ष रुद्रनाथ बराल, पोखरा महानगरका मेयर धनराज आचार्यका स्वकीय सचिव पूर्ण लामालगायतको शुभेच्छा रहेको थियो । पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले पोखरा नाइट स्ट्रिट रेस-२०८३ ले शहरी गतिशीलता, शान्ति-सुरक्षा, व्यावसायिक प्रवर्द्धन र स्वस्थ जीवनशैलीप्रतिको जागरूकतालगायतका शक्तिशाली सन्देश प्रवाह मात्र नभएर पर्यटकीय राजधानी पोखरामा नेपाली नयाँ वर्षमा प्रवर्द्धनात्मक नयाँ कार्यक्रम सञ्चालनमा छन् भन्ने सन्देश दिनका लागि प्रतियोगिता आयोजना गरिएको बताए ।

प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्य तथा पोखरा ९ वडा कार्यालयको समन्वयमा भएको प्रतियोगितामा विभिन्न संघ-संस्थाले सहयोग गरेका थिए । जसमा पोखरा महानगरपालिका र पोखरा भ्रमण वर्ष २०२५/०२६ प्रवर्द्धकका रूपमा रहेका थिए ।

# जनप्रिय माविमा विद्यार्थी बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

जनप्रिय माध्यमिक विद्यालय सिमलचौर पोखरा ८ कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई बिदाई गरिएको छ । कक्षा ११ का विद्यार्थीले सिनियर विद्यार्थीलाई मायाको चिनो प्रदान गर्दै विदाई गरेका थिए ।

कक्षा ११ का छात्र सागर मरासिनीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ८ का अध्यक्ष रुद्रनाथ बरालले पास आउट विद्यार्थीलाई शुभकामना दिँदै समयको सदुपयोग गर्न सुझाव दिएका थिए ।

आफ्नो शैक्षिक यात्रा जनप्रियमै भएको बताएका बरालले उत्कृष्ट विद्यार्थी बनेर समाज र देशमा नमुना र योग्य नागरिक बन्न विद्यार्थीलाई सुझाव दिएका थिए । विदाई कार्यक्रममा विद्यालय प्रअ देवीप्रसाद बस्ताकोटीले विद्यालयको विभिन्न गतिविधिको जानकारी दिँदै सफलताको मापन परीक्षाको रिजल्ट संगै प्राप्त गरेको उपलब्धिलाई जीवनमा सफल रुपान्तरण गर्नु नै ज्ञानको दीयो बाल्नु भएको बताए । प्रअ वस्ताकोटीले कास्कीको मात्र नभई राष्ट्रलाई योगदान दिन सक्ने शैक्षिक एवं योग्य जनशक्ति उत्पादन गर्न विद्यालयले रचनात्मक शैक्षिक कार्यक्रम ल्याएको बताए । कक्षा १२ मा अध्ययनरत ३ सय ९७ जना विद्यार्थीलाई विदाई सभामा जनप्रिय क्याम्पसका क्याम्पस प्रमुख कृष्णबाबु बरालले लक्ष्य हासिल गर्न आजैबाट तालिका बनाउन विद्यार्थीलाई आग्रह गर्दै शैक्षिक यात्रामा क्याम्पसले स्वागत गरिरहेको उल्लेख गरे ।



विद्यालयका शिक्षक बासु तिमिल्सिनाले संचालन तथा सहजीकरण गरेको कार्यक्रममा विद्यार्थीले नृत्य प्रदर्शन गरेका थिए । विद्यार्थीहरु एलिसा राना, बबिता क्षेत्री लगायतको समूहले नेपाली मौलिक झल्कने सांस्कृतिक प्रस्तुती दिएका थिए । विदाई भएका मध्ये कक्षा १२ की छात्रा प्रशंसा पाण्डेले माया, धैर्यता र समर्पण सिकाएको विद्यालय र गुरुहरुको सम्झना जीवन भर रहने बताईन् । उनले कक्षा ११ का भाईवहिनीहरुलाई धन्यवाद दिँदै मेहनेत भोलि गरेर नपाउने भएकाले आजैबाट सुरु गर्न सुझाव दिएकी थिइन् । कार्यक्रममा नमुना विद्यालय निर्माण गर्न विद्यार्थीलाई अनुशासित, मर्यादित र सीप युक्त शैक्षिक जनशक्ति उत्पादन गर्न जनप्रिय मावि अग्र भागमा रहेर कार्यहरु गरिरहेको शिक्षकहरुले बताएका थिए ।

# अन्तर-व्यवसायी भलिबल प्रतियोगिता एसबी गाइज र फ्युचर स्टारले जित्या उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

बैदेशिक रोजगार शाखा संरक्षण संघ, गण्डकी प्रदेश, पोखरा-कास्कीको आयोजनामा नववर्ष २०८३ सालको अवसरमा सञ्चालन गरिएको अन्तर-व्यवसायी कर्मचारी पुरुष तथा महिला भलिबल प्रतियोगिता २०८२ सम्पन्न भएको छ ।

प्रतियोगिताको पुरुष खुल्ला (ओपन) तर्फ एसबी गाइज प्रथम तथा ब्रदर युनाइटेड/युनाइटेड ब्रोज (बी) द्वितीय भएका छन्। त्यस्तै भूतपूर्व (भेट्रान्स) तर्फ पोखरा भेट्रान्स (रातो) प्रथम बनेका छन्। महिला तर्फ फ्युचर स्टार प्रथम र पोखरा क्वीन्स द्वितीय स्थान हासिल गर्न सफल भएका छन् । यसैगरी, प्रतियोगितामा उत्कृष्ट व्यक्तिगत प्रदर्शन गर्ने खेलाडीहरूलाई पनि सम्मान गरिएको छ। उत्कृष्ट महिला खेलाडी आकृति थापा (आकु) घोषित भइन् भने महिला तर्फ उत्कृष्ट स्पाइकर अस्मिता थापा र पुरुष तर्फ उत्कृष्ट स्पाइकर सन्तोष पोखेल बने। प्रतियोगिताको उत्कृष्ट खेलाडी (सर्वश्रेष्ठ खेलाडी) को उपाधि विकास रेग्मीले प्राप्त गरेका छन् । कार्यक्रमका अवसरमा आयोजक संस्थाका अध्यक्ष सुजन श्रेष्ठले प्रतियोगिताको सफलताप्रति खुशी व्यक्त गर्दै खेलकुदले मानिसहरूबीच एकता, सहकार्य र आपसी सम्बन्ध सुदृढ बनाउने बताए। उनले भने, "खेलकुद केवल प्रतिस्पर्धा मात्र होइन, यो स्वास्थ्य, अनुशासन र सामाजिक सद्भाव विकास गर्ने महत्वपूर्ण माध्यम हो। यस प्रतियोगिताले विभिन्न क्षेत्रका व्यक्तिहरूलाई एकै ठाउँमा ल्याई आपसी सम्बन्ध अझ प्रगाढ बनाएको छ ।" अध्यक्ष श्रेष्ठले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्ण टिम, खेलाडी, व्यवस्थापक, समर्थक, निर्णायक मण्डल, प्राविधिक टोली, स्वयंसेवक तथा प्रायोजकहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।



प्रतियोगितामा विभिन्न व्यवसायसँग आबद्ध टिमहरूको उत्साहजनक सहभागिता देखिएको थियो । सहभागी टिमहरूले प्रदर्शन गरेको अनुशासन, खेल भावना तथा आपसी सद्भावले प्रतियोगितालाई भव्य, सभ्य र प्रतिस्पर्धात्मक बनाएको आयोजकले जनाएको छ । प्रतियोगितामा विजेता, उपविजेता तथा उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । "खेलकुदमार्फत स्वास्थ्य, एकता र सहकार्य" भन्ने मूल भावनासहित सम्पन्न उक्त प्रतियोगिताले सहभागीहरूबीच आपसी सम्बन्ध थप मजबुत बनाउने विश्वास आयोजकले व्यक्त गरेको छ ।

# कास्कीमा काँग्रेसको जरा अभियान प्रारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

उत्साह र विश्वासको नवीन अभियान भन्ने मूल सन्देश सहित नेपाली काँग्रेसले देशव्यापी गर्न लागेको जरा अभियान कास्कीमा आइतबारदेखि प्रारम्भ गरिएको छ ।

नेपाली काँग्रेस कास्कीले केन्द्रीय प्रतिनिधिहरुको उपस्थितिमा बैठक गरी आवश्यक तयारी सहित अभियान प्रारम्भ गरिएको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । कास्कीमा केन्द्रीय प्रतिनिधिका रुपमा पार्टीका केन्द्रीय सदस्य रेशम बाँनिया र महासमिति सदस्य विष्णु पौडेल आउनुभएको छ। अभियान कास्कीका ७२ इकाइसम्म पुग्ने छ । अभियानका क्रममा पार्टीको त्रियाशील सदस्यता अद्यावधिक सँगै वितरण, जनसम्पर्क र जेन्जी युवाहरुसँगको संवाद अघि बढाइने छ । पार्टी सदृढिकरणका लागि अभियान महत्वपूर्ण हुने प्रवक्ता नवीन सिग्देलको भनाइ छ । अभियान शुभारम्भ गर्दै पार्टीका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रतिनिधि रेशम बहादुर बाँनियाले अभियानसँगै पार्टीले नयाँ गति लिने र महाधिवेशनको वातावरण निर्माण हुने उल्लेख गर्नुभयो । नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा बसेको बैठकमा केन्द्रीय प्रतिनिधि महासमिति सदस्य विष्णु पौडेलले अभियानको सान्दर्भिकता बारे बोल्नुभएको थियो ।



# विमानस्थलका ...

चालु आवभित्र सक्ने लक्ष्य लिइएकाले मापदण्डविपरीतका संरचना छिटो हटाउनुपर्ने उहाँको भनाइ छ । उक्त सडकको ठेक्का अवधि तेस्रोपटक थप भई आगामी असार १५ गतेसम्म कायम भएको छ । हालसम्म सडकको भौतिक प्रगति ७७ दशमलव ४७ र वित्तिय प्रगति ६२ दशमलव २० प्रतिशत पुगेको छ । कुल ३८ दशमलव ७१ किमी दूरीको उक्त खण्डमा हालसम्म ३७ दशमलव २८ किमीमा दोस्रो चरणको कालोपत्र भइसकेको छ । कुल ३६ दशमलव ३२ किमीको सर्विस लेनमा हालसम्म १७ दशमलव ६६ किमी कालोपत्र भइसकेको इन्जिनियर कुँवरले जानकारी दिनुभयो । विसं २०७८ माघमा ठेक्का भई विसं २०८० वैशाखदेखि निर्माण सुरु भएको विद्युतीय तार भूमिगत गर्ने आयोजनाको भौतिक प्रगति ६७ प्रतिशत पुगेको छ । नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत पोखराका मुख्य सहरी क्षेत्रमा विद्युतीय तार भूमिगत गर्न लागिएको हो । पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रवेशद्वारबाट पृथ्वीचोकको सेती पुलसम्म तार बिछ्याएर घरघरमा विद्युत् वितरणसमेत भइसकेको इन्जिनियर सुवेदीले बताउनुभयो । अहिले सिर्जनाचोकबाट सभागृह, पृथ्वीचोक, जिरो किलोमिटर क्षेत्र र लेकसाइडको जरेबर क्षेत्रमा तार बिछ्याउने काम भइरहेको उहँको भनाइ छ ।

# नयाँ वर्षमा बेगनास तालमा 'माछा महोत्सव'

**पोखरापत्र संवाददाता**
पोखरा, २९चैत

नेपाली नयाँ वर्ष २०८३ लाई स्वागत गर्न होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथले सोमबार बेगनास ताल किनारमा माछा महोत्सव गर्ने भएको छ ।

माछा महोत्सवबारे आज आयोजित पत्रकार सम्मलेनमा संस्थाका अध्यक्ष सुरेश लामिछानेले वेगनास तालसहित लेखनाथ क्षेत्रका तालहरूको प्रचारप्रसारका साथै तालमा माछा उत्पादन गरी आयआर्जनमा सहयोग पुर्याउने उद्देश्यले महोत्सव गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार सोमबार दिउँसो २:०० बजेबाट औपचारिक रूपमा सुरु हुने महोत्सव विविध सांस्कृतिक कार्यक्रमसहित राति १२:०० बजेपछि नयाँ वर्षलाई स्वागत गर्दै सम्पन्न हुनेछ । महोत्सवमा बेगनास, रुपालगायत लेखनाथमा भएका अन्य तालबाट पनि माछा ल्याएर बिक्रीवितरणको व्यवस्था मिलाइनुका साथै माछाका परिकारको बिक्री तथा प्रवर्द्धन गरिने आयोजकले जनाएको छ ।

महोत्सवमा गायिका रचना रिमालसँगै पोखरेली ब्यान्ड, माया गुरुङ, बालचन्द्र बराललगायत स्थानीय कलाकारको प्रस्तुतिका साथै भजनकीर्तन र मनोरञ्जनात्मक कार्यक्रम गरिने आयोजकले जनाएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसत्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# मन्त्रीहरूको सार्वजनिक भएको सम्पत्तिमा प्रश्न उठ्ने ठाउँ

वालेन्द्र शाह नेतृत्वमा नयाँ सरकार बनेको १७ दिनमा मन्त्रिपरिषद्का सदस्यहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । सार्वजनिक पदधारण गर्ने व्यक्तिको सम्पत्ति पारदर्शी हुनुपर्ने माग हुँदै आएपनि विगत बनेका केही सरकारका मन्त्रीहरूले सम्पत्ति विवरण सरकारलाई बुझाएका मात्र थिए सार्वजनिक गरेका थिएनन् । रास्वपाले चुनावी वाचापत्रमै सार्वजनिक पद धारण गर्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रतिबद्धता गरेको थियो । सरकारले सार्वजनिक गरेको १०० कार्यसूचीमा २०४७ सालपछिको सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने निर्णय समेत गरेको छ । पहिले पदमा बसेकाहरूको सम्पत्ति समेत सार्वजनिक गर्ने सरकारको निर्णय रहेकाले उनीहरुले विवरण बुझाएर सार्वजनिक गरेका छन। भ्रष्टाचार निवारण ऐनमा मन्त्रीहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ। तर यसरी बुझाएको विवरण सार्वजनिक गर्नैपर्ने कानुनी बाध्यता छैन । त्यसैले विवगतका धेरै वटा मन्त्रिपरिषद्ले विवरण बुझ्ने तर सार्वजनिक गर्न हिच्किचाउँथे ।

जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारका मन्त्रीहरूको पनि विवरण सार्वजनिक भएको थिएन । आइतबार सार्वजनिक भएका मन्त्रीहरूका सम्पत्ति विवरण हेर्दा अधिकांश मन्त्रीहरूको आर्थिक अवस्था उच्च र केहीको मध्यम देखिएको छ । घरजग्गा, शेयर, सुनचाँदी गरगहनादेखि पशुधनसमेतको विवरण उनीहरूले सार्वजनिक गरेका छन्। यी विवरण हेर्दा मन्त्रिपरिषद्का सदस्यहरूको व्यक्ति र पारिवारिक आर्थिक अवस्था उन्नत देखिन्छासरकार बाहिर हुँदा सरकारमा रहनेहरुका बारेमा गरिएका टिप्पणी अहिले आफैंतिर फर्किएको छासामाजिक अभियन्ता बनेकाहरुको सम्पत्ति विवरण हेर्दा श्रोत पत्यार लाग्दो देखिदैन। सम्पत्तिको परिभाषाभित्र अब घरजग्गा, बैंक ब्यालेन्स, सुनचाँदी गरगहना मात्र रहेनन् । सामाजिक सञ्जालका फलोअर्स पनि अब सम्पत्तिको रुपमा दर्ज भएका छन्। प्रधानमन्त्री वालेन्द्र शाहले नै आफ्नै सम्पत्ति विवरणमा आफ्नो मुख्य कमाईकोस्थल समाजिक सञ्जाललाई देखाएका छन् । प्रधानमन्त्री बालेन शाहले आफ्नो बैंक ब्यालेन्स १ करोड ४६ लाख रुपैयाँ रहेको खुलाएका छन् । यसको स्रोत समाजिक सञ्जाल हो । उनले फेसकुबमा ४० लाख, युट्युबमा १२ लाख, एक्समा ५ लाख फलोअर्स रहेको पनि जानकारी गराएका छन्। उनको व्यक्तिगत नाममा घर जग्गा छैन । उनको आमा र बुवाको नाममा भने पर्याप्त जग्गाजमिन छ ।

उनले आफ्नो सम्पत्तिको स्रोत सामाजिक सञ्जाललाई मानेका छन् । प्रधानमन्त्री शाहकी पत्नी सविना काफ्लेको नाममा १९० तोला गरगहना रहेको उल्लेख छ। सुन, चाँदी, हिरा लगायतका गरगरहना १९० तोला गरगहना रहेको सम्पत्ति विवरणमा उल्लेख छ। उक्त सम्पत्ति प्राप्तिको स्रोत 'पैत्रिक' रहेको सम्पत्ति विवरणमा उल्लेख छ। आमाको नाममा काठमाडौंमा ५ आना जग्गा घर,धनुषामा डेढ बिगाहामा घर र महोत्तरीमा बाबुको नाममा ९ बिगाहा जग्गा रहेको छ। प्रधानमन्त्री शाहले शेयरको विवरण राखेका छैनन् ।मन्त्रीहरूको पनि सम्पत्तिमा सुन धेरै देखाइएको छाशेयर खरिद र घरजग्गा पनि औसत भन्दा धेरै छाराजनीतिमा लाग्नेहरुको कमाई हुँदैन भन्ने जनतामा रहेको अवधारणालाई प्रधानमन्त्री र मन्त्रीहरूको सार्वजनिक भएको सम्पत्ति विवरणले गलत सावित गरेको छ । समयमै सम्पत्ति विवरण सार्वजनिक गरेर सरकारले आफ्नो वाचा अनुसार काम गरेको छ। पुराना राजनीतिक दललाई गाली गर्नेहरूलाई रास्वपा सरकारका मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्तिले प्रश्न गर्ने ठाउँ दिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धौलागिरी अस्पतालबाटै मिर्गौला रोगसम्बन्धी विशेषज्ञ सेवा

पोखरापत्र संवाददाता
बागलुङ, २९ चैत

बागलुङको धौलागिरी प्रादेशिक अस्पतालमा मिर्गौला रोगी बिरामीका लागि विशेषज्ञ सेवा सुरु भएको छ। यस अगाडि सामान्य उपचार हुँदै आएकोमा शनिबारदेखि विशेषज्ञ सेवा सुरु गरिएको हो।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत प्रमुख कन्सल्टेन्ट मिर्गौला रोग विशेषज्ञ डा विकास खत्री धौलागिरी अस्पतालमा आएपछि विशेषज्ञ सेवा सुरु गरिएको हो । पहिलो दिनमै २६ जना बिरामीहरूले प्रत्यक्ष रूपमा सेवा लिएको धौलागिरी प्रदेशिक अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट किरण तिवारीले जानकारी दिनुभयो । मिर्गौला तथा पिसाबसम्बन्धी बिरामीहरू अब काठमाडौँ, पोखरा लगायतका स्थानमा पुग्नुपर्ने बाध्यता हटेको तिवारीको भनाइ छ । अबदेखि मिर्गौलासम्बन्धी विशेषज्ञ सेवा हरेक महिनाको चौथो शनिबार बिहान १० बजेदेखि नियमित रूपमा सञ्चालन गरिनेछ तिवारीले बताउनुभयो । उहाँले भन्नुभयो, "अब धौलागिरी अस्पतालबाट मिर्गौला रोगीहरुका लागि विशेषज्ञ सेवा सुरु गरेका छौँ, यहाँ अरु धेरै सेवा दिँदै आएका छौँ नागरिकको विश्वास बढ्दै गएको छ, अब टाढा गएर उपचार गराउँदा खर्च हुने हजारौँ रुपैयाँ बच्ने भयो।"

# अधिकृत बिक्रेता संघ पोखराको भित्तेपात्रो बिमोचन



पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

अधिकृत बिक्रेता संघ पोखराको भित्तेपात्रो (क्यालेण्डर) विमोचन, बिमा सम्बन्धि प्रशिक्षण ,नयाँ वर्ष २०८३ को शुभकामना आदान- प्रदान तथा रमाईलो पारिवारीक बनभोज कार्यक्रम शनिवार सम्पन्न भएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका वडानं एक स्थित १४ माईल्स रिसोर्टमा भएको कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष तेजेन्द्र पौडेलले गरेका थिए । सो अवसरमा उनले संघले वार्षिक रूपमा यस प्रकारका नियमित कार्यक्रम गर्दै आईरहेको तथा आगामी दिनमा पनि गर्दै जाने जानकारी दिदै व्यवसायीक हक हितका विविध पक्षहरूका बारेमा बोलेका थिए । कार्यक्रममा संस्थापक अध्यक्ष गोबिन्द कर्माचार्यले संघले गर्दै आईरहेका कामहरू प्रति सह्राना गर्दै व्यवासाय सञ्चालन गर्दाका सहजता तथा कठीनाई लगाएतका विविध विषयहरूमा आफ्ना भनाई राखे । सो अवसरमा हिमालयन एभरेस्ट ईन्सुरेन्सका बिमा जोखिम न्यूनिकरण विभागका प्रमुख दिवस तिमिल्सिनाले निर्जिवन बिमाका बिविध पक्षहरूका बारेमा व्यवसायीहरुलाई प्रशिक्षण दिदै बिमाको परिभाषा, यसको महत्व र विमा गर्ने प्रकृया लगाएतका विभिन्न बिमा सम्बधी प्रकृयाहरु वारे जानकारी गाएका थिए।

सो अवसरमा संघका बरिष्ठ उपाध्यक्ष दिलिप कुमार श्रेष्ठ, महासचिव राजेन्द्र श्रेष्ठ,कार्यक्रम संयोजक बिजेन्द्र शर्मा पौडेल, संघकी सदस्य बिन्दुरानी शर्मा लगायतले संघको गतिविधिका बारेमा आ-आफ्ना धारणा प्रस्तुत गरेका थिए।

कार्यक्रममा विभिन्न प्रतियोगितात्मक खेलकूद लगाएत विविध मनोरञ्जनात्मक गतिविधि प्रस्तुत गरिएको थियो।

# प्रधानमन्त्री कपअन्तर्गत आइतबारको खेलमा गण्डकी प्रदेश विजयी

रासस
काठमाडौं, २९ चैत

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गतको आइतबारको खेलमा गण्डकी प्रदेशले लुम्बिनी प्रदेशलाई पराजित गरेको छ।

वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा गण्डकीले लुम्बिनी प्रदेश आठ विकेटले पराजित गरेको हो। सुरुआती ब्याटिङ गरेको लुम्बिनीले ४५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय सात रन जोडेको थियो । टोलीका सन्तोष यादवले ७७ बलमा ८२ र सल्लाहद्धिन खानले ७७ बलमा ६० रन जोडेका थिए।

गण्डकीका विपिन खत्रीले चार विकेट र अपराजित पौडेलले तीन विकेट लिए।

जवाफी ब्याटिङमा उभिएको गण्डकीले ४४ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै दुई सय ११ रन जोडेको थियो। यस टोलीका अर्जुन कुमालले एक सय ३० बल खेल्दै एक सय तीन र सिब्रिन श्रेष्ठले ७७ बलमा ४३ रन जोडे।

लुम्बिनी प्रदेशका दिनेश बोहरा र सन्तोष यादवले समान एक/एक विकेट लिए। आजको खेलमा गण्डकीका अर्जुन कुमालले 'प्लेयर अफ दि म्याच' घोषित हुँदै नगद रु पाँच हजार पुरस्कार पाए । प्रतियोगितामा नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब गरी तीन विभागीय टोली र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ। प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल आगामी वैशाख ४ गते हुँदैछ।

# न्यूरोड क्लबलाई ३५ प्लस भेट्रान्स फुटबलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत




गण्डकी स्पोर्टस् क्लबको आयोजनामा सम्पन्न पहिलो संस्करणको ३५ प्लस भेट्रान्स सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधि न्यूरोड एफसीले जितेको छ।

पोखरा महानगरपालिका ५ मालेपाटनस्थित खेलमैदानमा आज (आइतबार) भएको फाइनल खेलमा एनके एफसीमाथी १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्दै न्यूरोड एफसीले उपाधि जितेको हो।

न्यूरोडलाई उपाधि दिलाउन विनोद कुँवरले निर्णायक गोल गरे । उनै कुँवर म्यान अफ द म्याच बने । प्रतियोगिताको उपाधिसँगै न्यूरोड क्लबले नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो।

यस्तै उपविजेता बनेको एनकेलाई नगद रु ३५ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको खेल संयोजक रेमोस गुरुङले जानकारी दिए।

उनका अनुसार सो प्रतियोगिताबाट न्यूरोड एफसीका नरेश केसी सर्वोत्कृष्ट खेलाडीका रुपमा नगद रु ३ हजारसहित पुरस्कृत भए। उत्कृष्ट डिफेण्डरका रुपमा एनकेका कन्यासुब्बा गुरुङ, उत्कृष्ट मिडफिल्डरका रुपमा सोही टिमकै राजकुमार घिसिङ, उत्कृष्ट गोलरक्षकका रुपमा न्यूरोडका विशाल नेपाली, सर्वाधिक गोलकर्ताका रुपमा सोही टिमकै विनोद कुँवर जनही २ हजार ५ सय रुपैयाँसहित पुरस्कृत भए । यसैगरी उत्कृष्ट प्रशिक्षकका रुपमा न्यूरोडका शम्भु थापा नगद रु २ हजारसहित पुरस्कृत हुँदा अनुशासित टिमका रुपमा पोखरा लायन्स घोषित भयो । प्रतियोगिताको फाइनल अघि आमन्त्रित महिला मैत्रीपूर्ण खेलमा सम्पदा अंकित स्पोर्टस् लाई ४-० गोल अन्तरले हराउँदै स्वतन्त्र विद्यार्थी युनियन पृथ्वीनारायण क्याम्पस विजयी बन्यो । महिलाहरुलाई पनि फुटबलमा आकर्षण बढाउन सकिने लक्ष्यसहित आमन्त्रित मैत्रीपूर्ण फुटबल खेल सञ्चालन गरिएको कार्यक्रम संयोजक दीपक मुल्मीले जानकारी दिए। उनका अनुसार दुवै टिमलाई मायाको चिनोसहित नगद रु ५/५ हजार प्रदान गरिएको उनले बताए । प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई समापन समारोहका प्रमुख अतिथि पोखरा महानगरपालिका ५ का वडाध्यक्ष विष्णु बराल, क्लबका अध्यक्ष, पुरस्कारदाता, क्लबका सल्लाहकार लगायतले पुरस्कार वितरण गरेका थिए।

सोहीबीच ५७ वर्षको उमेरसम्म पनि सक्रियताका साथ फुटबल खेल्दै क्लबलाई योगदान पुर्याएको भन्दै पोखरा ५ का कृष्ण कोइरालालाई दोसल्ला तथा सम्मान पत्र अर्पण गरिएको संयोजक मुल्मीले बताए। उनका अनुसार गत २६ गतेदेखि सञ्चालनमा रहेको प्रतियोगितामा कुल १६ टिमको सहभागिता रहेको थियो।

# स्याङ्जामा साताव्यापी योग, ध्यान तथा सकरात्मक चिन्तन कार्यक्रम

पोखरापत्र संवाददाता
स्याङ्जा, २९ चैत



अहिलेको महँगो जीवनशैली, बढ्दो प्रतिस्पर्धा, सामाजिक-आर्थिक दबाब तथा विभिन्न तनावका साथै स्वास्थ्यसम्बन्धी अन्य विविध समस्या दिनप्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा हाम्रो जीवनशैली सुखी र खुसी बनाउन र समग्र मुलुकलाई समृद्धिको बाटोमा अगाडी डोर्याउन अन्तराष्ट्रिय आरोग्य दिवसको अवसर पारेर स्याङ्जाको जुग्लेमा साताव्यापी योग, ध्यान र सकरात्मक चिन्तन सहित उर्जा ध्यान शिविर तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

आँधीखोला गाउँपालिका अध्यक्ष विश्वनाथ पौडेलले मानिसको जीवनशैली, शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक, र पारिस्थितिक कल्याणलाई आपसमा साटासाट गर्दै निरोगी जीवन र समाज बनाउन यस किसिमको कार्यक्रमले छुट्टै सन्देश दिन सफल भएको बताउनुभयो।

एकीकृत सेवा कार्यालय स्याङजाका प्रमुख जीवन पौडेलले योग, आयुर्वेद, ध्यान र आध्यात्मिक अभ्यासजस्ता मौलिकतालाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्दै नेपालको अपार जैविक विविधता, यहाँका अमूल्य जडीबुटी, अतुलनीय प्राकृतिक सम्पदालाई आरोग्य दिवसले एकसाथ विश्वमाझ विचरण गराउने क्षमता राख्ने भएकाले भावी पुस्ताकै लागि अनुपम उपहार साबित हुने विश्वास व्यक्त गर्नु भयो। यस दिवसले आरोग्य र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा मार्फत् वैदेशिक अर्थ आर्जनको माध्यम बनेर सघाउने अपेक्षा रहेको उहाँले वताउनु भयो। पौडेलले भन्नुभयो " वेलनेस जीवन जिउने कला भएको उल्लेख गर्दै नेपालको छवि थप विश्वमाझ संशक्त ढंगबाट पुर्याउनुका साथै नेपालको संस्कृति, परम्परागत विधि, खानपान, रहनसहन, आयुर्वेदिक अभ्यासको प्रवर्धन हुने छ।"

प्रहरी निरिक्षक रेशम पौडेलले आरोग्यले मानिसमा आत्मविश्वास, उत्साहसङ्गै व्यक्ति कठिन परिस्थितिमा पनि सहजता र सकारात्मकता राख्न यस किसिमको कार्यक्रमले सहयोग गर्ने बताउनुभयो । कार्यक्रमको मुख्य प्रशिक्षक जीवन विज्ञान परिषद् स्याङ्जा संयोजक राधा अर्यालले योग, ध्यान र सकारात्मक चिन्तन प्राचीन तथा वैज्ञानिक रूपमा प्रमाणित विधिहरू भएको बताउँदै जसले शरीर र मन दुवैलाई सन्तुलित राख्न सहयोग पुर्याउने, शरिरमा ऊर्जा वृद्धि गर्ने, मनलाई शान्त, केन्द्रित र स्थिर बनाउन सहयोग गर्नुको साथै व्यक्तिको सोचाइ, व्यवहार र जीवनप्रतिको दृष्टिकोणमा सुधार ल्याई मानसिक सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । जीवन विज्ञान स्याङ्जा परिषद् सदस्य एवंम् प्रशिक्षक दुर्गा बाँनीयाले आन्तरिक जागरण, सामूहिक आरोग्य सँगै शारीरिक र मानसिक तथा समाजिक र भावनात्मक सम्बन्ध राम्रो बनाउन जीवन विज्ञानको महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । कार्यक्रममा वडा सदस्य केदारनाथ पौडेल, पूर्व शिक्षक नारायणप्रसाद पौडेल, चेतनाथ पौडेल, शिक्षक ख्यामनारायण लामिछाने, ख्यामनारायण क्षेत्री, प्रगतिशिल आमा समूह अध्यक्ष मञ्जु थापा लगायतले आरोग्य एवम् जीवन विज्ञानको महत्व बारे आफ्नो धारणा राख्नु भएको थियो। १०० जना भन्दा बढीको उपस्थितिमा सात दिन सम्म सञ्चालन भएको कार्यक्रममा जीवन विज्ञान परिषद् स्याङ्जा संयोजक राधा अर्याल, दुर्गा बानियाँ, योग साधक पूर्ण राज श्रेष्ठ लगायतको टीमले योग ध्यान, सकरात्मक चिन्तन लगायतको विषयमा सहजिकरण गर्नु भएको थियो। जागृती आमा समूह जुग्लेको आयोजनामा भएको कार्यक्रममा एकीकृत सेवा कार्यालय स्याङ्जा र जीवन विज्ञान स्याङ्जाको सहजिकरणमा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागिहरु सबैलाई प्रमाणपत्र वितरण गरिएको थियो।

जागृती आमा समूहका अध्यक्ष तारादेवी पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आमा समूह सहसचिव सरस्वती पौडेलले स्वागत मन्तव्य राख्नु भएको थियो भने, सञ्चालन विष्णु पौडेलले गर्नु भएको थियो। नेपालको प्रस्तावमा संयुक्त राष्ट्र संघ महासभाले अप्रिल १५ लाई 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' का रूपमा घोषणा गरेको थियो। यस वर्ष वैशाख २ गते "हिमालको चेतना, विश्वको आरोग्य" नारा सहित विभिन्न कार्यक्रमको साथ यस दिवस मनाइदै छ।

यो निर्णयले स्वास्थ्यलाई केवल रोगको अनुपस्थिति मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा वातावरणीय सन्तुलनका रूपमा परिभाषित गर्दै 'समग्र आरोग्य' अवधारणालाई विश्वस्तरमा सुदृढ बनाउन टेवा पुर्याउने छ।

